नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

## स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## भोटेकोशी बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः ६ आश्विन २०८३

प्रतिवेदन नं : २५

### संघीय द्रुत प्रतिकार्य समितिको बैठक (२०८३ आश्विन ५)






भोटेकोशी बाढीपश्चात उत्पन्न परिस्थितिको आंकलन तथा भावी कार्यदिशाका सम्बन्धमा निमित्त महानिर्देशक डा. अनुज भट्टचनज्यूको अध्यक्षतामा मिति २०८३।०५।१० गते बसेको संघीय द्रुत प्रतिकार्य समितिको बैठकबाट निर्देशित क्रियाकलापहरूको समीक्षा तथा आगामी दिनको कार्ययोजनाका सम्बन्धमा छलफल गर्न संघीय द्रुत प्रतिकार्य समितिको बैठक सम्पन्न भएको। बैठकमा बाढीपश्चातको अवस्थाको समीक्षा गर्दै निर्देशित प्रतिकार्य गतिविधिहरूको प्रगति तथा आगामी दिनमा सञ्चालन गरिने कार्ययोजनाबारे छलफल गरिएको।

## व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

| विषय | मुख्य विवरण |
|---|---|
| मुख्य सहयोगी संस्था | **नर्वे र फ्रान्स सरकारबाट प्राप्त स्वास्थ्य सामग्री** प्रमाणीकरण प्रक्रिया पूरा हुन बाँकी रहेको |
| प्राप्त सामग्री | नर्वे र फ्रान्सबाट प्राप्त सामग्रीको विवरण प्रमाणीकरणपछि अद्यावधिक गरिने |
| वितरण गरिएको सामग्री | स्वास्थ्य सेवा विभागबाट कुल **१३,११,६७० इकाइ/परीक्षण** सामग्री पठाइएको |
| मुख्य प्रापककर्ता | **PHLMC** बुटवलः **१३,०७,०००**, Nursing Association of Nepal: ४,०७० र EDCD: ६०० |
| मुख्य वितरण सामग्री | PHLMC बुटवलमा **Chlorine Tablet** १२,९६,०००, Malaria RDT १०,००० र Scrub Typhus Rapid Test Kit १,०००; EDCD मा Cholera Kit ६०० |
| हालको मौज्दात | २०८३/०६/०५ साँझ ५ बजेसम्म स्वास्थ्य सेवा विभागमा **३०१ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री** मौज्दातमा रहेको |

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल ११ वटा केस रिपोर्ट भएका छन्:
    - १ वटा Fever
    - ९ वटा Fever with Cough
    - ० वटा Fever with Rash
    - १ वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको

- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको

## बाढीबाट प्रभावित क्षेत्रमा परिचालित टोलीद्वारा सम्पन्न कार्य विवरण









स्वास्थ्य सेवा विभागको टोली डा. फणीन्द्र प्रसाद बराल (उपचारात्मक सेवा महाशाखा) र GIZ हेल्थका डेपुटी प्रोग्राम व्यवस्थापक तीर्थ कुमार सिन्हासहित  जनस्वास्थ्य कार्यालय रसुवा र गोसाईकुण्ड गाउँपालिकाका पदाधिकारीहरूसँग रसुवा जिल्लाका बाढी प्रभावित स्वास्थ्य संस्थाहरूको स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा निरन्तरता, अस्थायी स्वास्थ्य संरचना निर्माण, र औषधि, खोप तथा अन्य आवश्यक स्वास्थ्य सामग्रीको नियमित आपूर्तिसम्बन्धी अवस्थाको आंकलन तथा समन्वय गरियो।


## मनोसामाजिक परामर्श

- नुवाकोट, रसुवा, काठमाडौं, धादिङ्कका २९ वटा होल्डीङ्ग केन्द्रमा सम्पूर्ण बाढी प्रभावितलाई MHPSS तथा PFA सेवा प्रदान गरिएको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।

१. **मनोसामाजिक परामर्श**





पछिल्लो २४ घण्टामा मानसिक स्वास्थ्य सहायता प्रदान गरिएको संख्या (जिल्लागत)
400
350
300
250
200
150
100
50
0
380
91
76
30
Nuwakot
Rasuwa
Dhading
Kathmandu


MHPSS/PFA Service delivered (datewise)
1022
77
668
422
514
460
650
1031
729
609
600
532
632
722
450
427
313
524
386
483
283
247
276
577
2083 Bhadra 11- 13
2083 Bhadra 14
2083 Bhadra 15
2083 Bhadra 16
2083 Bhadra 17
2083 Bhadra 18
2083 Bhadra 19
2083 Bhadra 20
2083 Bhadra 21
2083 Bhadra 22
2083 Bhadra 23
2083 Bhadra 24
2083 Bhadra 25
2083 Bhadra 26
2083 Bhadra 27
2083 Bhadra 28
2083 Bhadra 29
2083 Bhadra 30
2083 Bhadra 31
2083 Asoj 1
2083 Asoj 2
2083 Asoj3
2083 Asoj 4
2084 Asoj 5

२. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोली परिचालनः



## परिवार कल्याण महाशाखा

- नुवाकोट र रसुवा जिल्लाका प्रभावित क्षेत्रका गर्भवती, सुत्केरी महिलाहरुको अवस्थाबारे फोन फलोअप गरि अवस्थाको जानकारी लिनेकाम गरियो | आबश्यकता अनुसारको सेवा, सल्लाह र काठमाडौंमा भएका अस्पतालहरु संग समन्वय गरि प्रेषण सम्बन्धि समन्वय गर्ने कार्य सम्पन्न।
- धादिङ्ग जिल्लाको रातामाटेमा स्वास्थ्य क्लिनिक स्थापना






## खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग )VPD) निगरानी अद्यावधिक:

- रसुवा र नुवाकोटका बाढी प्रभावित सबै पालिकामा **हैजाविरुद्धको खोप (OCV) अभियान सञ्चालन भइरहेको।**
- स्वास्थ्यकर्मी, उद्धार टोली तथा घाइते व्यक्तिहरूका लागि **टिटानस—डिफ्थेरिया (Td) खोप** तथा अग्रपंक्तिका प्रतिकार्यकर्तालाई आवश्यक प्राविधिक सहयोग प्रदान भइरहेको।
- **आजको दिनसम्म रसुवामा १६५९१ र नुवाकोटमा ५०३५९ जनाले OCV खोप लिएका (क्रमशः ५३% र ६५% कभरेज)।**

| Districts | Municipality Name | Target Population | Vaccination Progress | | | | | Sum Total (%) |
|---|---|---|---|---|---|---|---|---|
| | | | 1 – 5 years | | 5 years and above | | Total | |
| | | | Female | Male | Female | Male | | |
| Rasuwa | Gosaikunda Rural Municipality | 7263 | 83 | 94 | 1365 | 1427 | 2969 | 16591 (53) |
| | Uttargaya Rural Municipality | 8139 | 122 | 124 | 1883 | 1611 | 3740 | |
| | Amachodigmo Rural Municipality | 6356 | 138 | 185 | 1556 | 1540 | 3419 | |
| | Kalika Rural Municipality | 9716 | 226 | 234 | 3212 | 2791 | 6463 | |
| Nuwakot | Bidur Municipality | 59254 | 1018 | 1134 | 17580 | 15228 | 34960 | 50359 (65) |
| | Belkotgadhi Municipality | 10527 | 328 | 388 | 5402 | 4280 | 10398 | |
| | Kispang Rural Municipality | 3099 | 40 | 49 | 1018 | 984 | 2091 | |
| | Tarkeshwor Rural Municipality | 4151 | 49 | 71 | 1556 | 1234 | 2910 | |

- रसुवाका गोसाइँकुण्ड, उत्तरगया र आमाछोदिङ्मो गाउँपालिकामा **११८९ जनाले Td खोप** तथा नुवाकोटमा APF मेडिकल टोलीमार्फत **११३ जनाले TT खोप** प्राप्त गरेका।

| District | Municipality Name | Vaccination Progress | | | |
|---|---|---|---|---|---|
| | | Td | | TT | |
| | | Female | Male | Female | Male |
| Rasuwa | Gosaikunda Rural Municipality | 105 | 396 | | |
| | Uttargaya Rural Municipality | 143 | 202 | | |
| | Amachodigmo Rural Municipality | 60 | 189 | | |
| | Kalika Rural Municipality | 28 | 66 | | |
| Nuwakot | Bidur Municipality | | | 15 | 98 |

- नुवाकोट र रसुवामा **MR खोप अभियानका लागि तयारी** तथा धादिङ, चितवन र गोरखाका बाँकी प्रभावित वडामा OCV अभियान सञ्चालनका लागि तयारी कार्य अघि बढाइएको।
- WHO र UNICEF बाट नियमित खोप सत्रको अनुगमन, OCV/Td अभियानको सुपरिवेक्षण तथा अभियानपश्चात् तथ्याङ्क व्यवस्थापनमा निरन्तर प्राविधिक सहयोग भइरहेको।



## अनुसुची

**SORMAS** को **Daily Surveillance Report Module** मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु

५ आश्विन १:०० देखि ६ आश्विन १२:५९ सम्म

### Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period, plus centres the registry holds at a population of 0.

| | Population | 21 Sep | Total |
|---|---|---|---|
| RCEC Clinic Bidur 4 Battar | — | 10 | 10 |
| Shivalaya Basic School | 47 | 1 | 1 |